२३८

राष्ट्रिय

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. ३११/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरममा आवद्ध नोदनाथ त्रिताल समेत ........................................................................................................२ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपाल प्रतिलिपि अधिकार रजिष्टारको कार्यालय, कालिकास्थान, डिल्लीबजार, काठमाडौं .१ विपक्षी
सूचना अधिकारी, नेपाल प्रतिलिपि अधिकार रजिष्टारको कार्यालय, कालिकास्थान, डिल्लीबजार, काठमाडौं .१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरममा आवद्ध नोदनाथ त्रिताल समेतले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, कालिकास्थान, डिल्लीबजार, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१०।२५ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।११।१० को आदेश बमोजिम पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराई आदेश कार्यान्वयन गर्न लेखी पठाएकोमा नेपाल प्रतिलिपि अधिकार रजिष्टारको कार्यालय, कालिकास्थान, डिल्लीबजार, काठमाडौंको मिति २०७१।१२।१३, च.नं.२ (जिन्सी) को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराईएको पत्रको बोधार्थ आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल वैशाख १७ गते रोज ५ शुभम् ।